# श्री नवलपुर जिल्ला अदालतवाट जारी भएको

## सूचना

कोभिड-१९ को संक्रमण 'रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पूर्व)ले "यात्रुवाहक सार्वजनिक सवारी साधानहरु अर्को आदेश नहुँदासम्म संचालन गर्नु/नगराउनु हुन" समेत भनी आदेश जारी गरेको मिति २०७७।०५।१४ को सूचना तथा कावासोती नगरपालिका समेत यस जिल्ला अन्तगर्तका विभिन्न स्थानीय तहहरुले निश्चित स्थान तोकी शिल गरेको सन्दर्भमा यस अदालतबाट मिति २०७७।०५।२२ देखि अर्को सूचना जारी नहुँदासम्मको लागि तपशिल बमोजिमका सेवाहरु मात्र प्रदान गरिने वेहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. यस अवधिमा पर्न सक्ने बन्दिप्रत्यक्षीकरण निवेदनको सुनुवाई र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को १५५ अनुसारको निवेदन तथा बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धि निवेदन उपर हुने कारवाही एवम् पक्राउ पुर्जी अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धि कार्य,

२. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको वयान लिने, थुनछेक आदेश गर्ने, सजाय निर्धारणको कार्य गर्ने, कल डिटेलको अनुमति दिने सम्बन्धि कार्य ।

३. स्वास्थ्य सुरक्षाको दृष्टिले आवश्यकतानुसार मूल गेटबाटै निश्चित संख्यामा सेवाग्राही प्रवेश गराई आलोपालो समेतको व्यवस्था मिलाई फिरादपत्र तथा प्रतिउत्तर दर्ता (निश्चित संख्या तोकी) र तारेख सम्बन्धि कार्य गर्ने।

४. यस महामारीसँग सम्बन्धित गम्भिर प्रकृतिका निवेदनहरुको कारवाही र सुनुवाईसम्बन्धि कार्य।

५. सजाय निर्धारण सम्बन्धि कार्य र घरेलु हिंसासम्बन्धि मुद्दा दर्ता तथा सो सम्बन्धि अत्यावश्यक अन्य कार्य।

६. मुद्दाहरुको मिलापत्र तथा मुद्दा फिर्ता सम्बन्धि कामकारवाही गर्ने ।

७. मुद्दामा प्रमाण बुझी अंग पुगिसकेका र सुनुवाईका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेका फौजदारी मुद्दा हेर्ने ।

८. सबै प्रतिवादीहरु अदालतको आदेशले थुनामा रहेका र उक्त मुद्दामा प्रमाण बुझी अंग पुगी सकेको भए त्यस्ता थुनुवा मुद्दाहरु मात्र पेशी चढाई सुनुवाई प्रारम्भ गर्ने।

९. बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोग पत्रमा दावी लिइएको न्यूनतम हुने कैद सजाय भन्दा बढी अवधि थुनामा बसेको मुद्दामा प्रमाण मुरकर तथा पेशी सम्बन्धी कार्य गर्ने।

१०. निश्चित संख्या तोकी अधिकृत वारेसनामा समेतका विशेष प्रकृतिका निवेदनहरु सम्बन्धी निवेदन हेर्ने।

११. फरार प्रतिवादीहरु उपस्थित भएको निवेदन परेमा बयान गराई थुनछेक सम्बन्धि कार्य गर्ने।

१२. अदालतले ठहरेको कैद र जरिवाना तिर्न सक्ने ।

१३. फैसला वा आदेशको नक्कल उपलब्ध गराउने।

१४. दशीका रुपमा अभियोगपत्रसाथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धि कारवाही गर्ने।

मिति २०७७।०५।२१